# इस्लामको तीन मूल आधार

[ नेपाली - Nepali - نيبالي ]

मोहम्मद बिन अब्दुल वहाब

अनुवादकः अतीकुर्रहमान मो.इदरीस खान मक्की

संशोधकः मोहम्मद इदरीस सलफी

2013 - 1434

IslamHouse.com

# الأصول الثلاثة

« باللغة النيبالية »


محمد بن عبد الوهاب التميمي

ترجمة: عتيق الرحمن محمد إدريس خان مكي

مراجعة: محمد إدريس سلفي



2013 - 1434

IslamHouse.com

पहिलो प्रकाशन साल - २५/१२/२००९
प्रकाशित प्रति - १०००

सर्वाधिकार अनुवादकमा सुरक्षित छ।

पुस्तक पाइने ठेगाना -:
इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९७२७६४९२३८

# बिषय सूची


| क्र.सं. | शीर्षक | पृष्ट |
|---|---|---|
| १ | प्रथम मूल आधार | ०८ |
| २ | दोस्रो मूल आधार | १३ |
| ३ | प्रथम श्रेणी इस्लाम | १३ |
| ४ | दोस्रो श्रेणी ईमान | १५ |
| ५ | तेस्रो श्रेणी एहसान | १७ |
| ६ | तेस्रो मूल आधार | १९ |

# अनुवादकको विचार

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरेअनफोसेना व मिन सईयाते आमालेना, मैँयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैँयुजलिल्हो फला हादिया लहु व अशहदोअल्लाइलाहा इल्लल्लाहो व अशहदो अन्ना मोहम्मदन अब्दहु व रसूलहु ।(अम्मा बअ्द)

इस्लामी आस्था संग सम्बन्धित यी निम्न महत्वपूर्ण मूल आधारहरू । जसको विवरण कुर्आन व हदीसहरूको आधार प्रमाण द्धरा प्रस्तुत गरिएकोछ । जसले गर्दा पाठक र्वगहरू इस्लामी आस्थाको मूल आधारहरूको बारेमा निश्चय नै सन्तुष्ट हुने छन् ।

वस्तवमा अल्लाहको एकत्वमा विश्वास नै संसारिक एवं परलौकिक मानव कल्याण र उसको सदर्कमहरूको जग हो ।

अल्लाह संग प्रार्थना के छ भने यसको माध्यमबाट प्रत्येक मुसलमानहरूलाई लाभ प्राप्त होस्, र अल्लाहले यस कार्यलाई आफ्नो लागि मात्र स्वीकार गरोस्      (आमीन)

**अनुवादक**

**अतीकुर्रहमान मोहम्मद ईदरीस खान**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तू नेपाल**

**मो.नं. ००९७७–९८४७०३०७८०**

**Mob.00977-9847030780**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

तपाईलाई यो ज्ञानहुनुपर्छ कि प्रत्येक मनुष्यलाई यो थाहाहुनुपर्छ कि :–

**१ –** अल्लाह र त्यसको नबी,र इस्लामधर्मको ज्ञान प्रमाणको साथ हुनुपर्छ ।

**२ –** त्यस ज्ञानको आधारमा कर्मगर्नु ।

**३ –** त्यस ज्ञानलाई प्रचलितगर्नु ।

**४ –** यस कार्यकोलागि दु:खलाई सहनगर्नु ।

यसको प्रमाण कुर्आनमा यसप्रकारछ ।

**अर्थ:** समयको शपथ ! मनुष्य वास्तवमा घाटामाछ , तिनीहरू बाहेक जसले ईमान ल्याए र राम्रो कर्मगरे , र एक आर्कालाई हकबातको र सयंमको नसीहत (उपदेश) गर्छन् । (सूरतुल अस्र)

इमाम शाफईको कथन छ " यदि अल्लाह यस सूर: बाहेक अरु कुनै पनि सूर: आफ्नो भक्तहरूकोलागि अवतरित गर्दैनथ्यो भने यो सूर: मात्र पर्याप्त थियो " ।

र इमाम बुखारीको कथन छ " बोलनु र कर्मगर्नु भन्दा पहिला ज्ञानहुनुपर्छ " । यसको समर्थनमा अल्लाहको भनाईछ –

**अर्थ:** यो बुभनुस् कि अल्लाहको अतिरिक्त कोही उपासनाको पात्रछैन , र क्षमामांग आफ्नो पापहरूको । (सूर: मुहम्मद)

अल्लाहले यस आयतमा ज्ञानलाई कर्म र कुरा माथि प्राथमिकता प्रदान गरेको छ ।

यो ज्ञात होस् ! अल्लाहको कृपा तपाई माथिहोस् कि सबै मुस्लिम महिला एवँ पुरुष माथि यो तीन नियमको ज्ञान अति अनिवार्य छ ।

**१ –** अल्लाहले हामीहरूलाई जन्मायो,र हामीलाई रोजी पु¥यायो र हामीलाई बिना मार्गदर्शन छोडे छैन, हाम्रो मार्गदर्शनको लागि रसूलहरू पठायो, जसले रसूलहरूको उपदेशलाई मान्यो त्यो स्वर्गमा जान्छ, र जसले उनीहरूको उपदेशको पाल्ना गरेनन् ती नर्कमा जान्छन् किन कि अल्लाहको कथनछ –

**अर्थ:** हामी तिमीहरूको समक्ष त्यसै प्रकार एउटा रसूल तिमीहरू माथि गवाह बनाएर पठायौं जुन प्रकार हामीले फिरऔनको तर्फ एउटा रसूल पठाएका थियौं (तर) फिरऔनले जब त्यस रसूलको

उपदेशलाई मानेन, तब हामीले त्यसलाई मजबूतिसित समात्यौं । ( सूरतुल् मुज्जम्मिल)

**२ –** अल्लाह कदापि आफ्नो साथमा कसैलाई साभ्की बनाउनलाई स्वीकार गर्दैन , चाहे त्यो प्रशंसनिय फरिशता एवँ विश्वासनीय रसूल नै किन नहोस् । अल्लाहको फर्मानछ –

**अर्थ:** र यो मस्जिदहरू अल्लाहका लागि छन् तर्सथ त्यस मस्जिदमा अल्लाहको साथ कसैलाई न बोलाऊ । (सूरतुल् जिन्न)

**३ –** जुन सुकै व्यक्ति पनि रसूलहरूको अज्ञाकारी छ, र अल्लाहलाई एक मान्छ त्यस व्यक्तिको लागि यो जायज छैन कि उनीहरूसित कुनै किसिमको सम्बन्ध राखोस् जसले अल्लाह र त्यसको रसूललाई मानेनन् चाहे त्यो त्यस व्यक्तिको निकटतम् सम्बन्धी किन नहोस् । यसको प्रमाणको लागि अल्लाहको यो फर्मानछ –

**अर्थ:** तिमी पाउँदैनौ यस्तो समूहलाई जुन अल्लाह र प्रलयको दिन माथि आस्था राखछन् कि उनीहरू प्रेमगर्छन् यस्तो मान्छेहरूसित जुन अल्लाह र त्यसको रसूलको बिरोधगर्छन्, चाहे त्यो उसको पिता अथवा पुत्र वा भाई एवँ परिवार किन न होस्, यी उनीहुन जसको मुटुमा अल्लाहले ईमान अंकित गरिबक्शेको छ, र आफनो तर्फबाट उनीहरूलाई आत्माद्वारा शक्ति प्रदान गरेछ । (सूरतुल मुजादेल:)

तपाईलाई यो पनि जान्नु अवश्यक छ कि (अलहनीफीय:) इब्राहीमको धर्म यो हो कि तपाईलाई मात्र एक अल्लाहको उपासना शुद्ध धामिर्क भक्तिसित गर्नुपर्छ, यसैको आदेश अल्लाहले सबै व्यक्तिलाई दिएकोछ, र निश्चय नै अल्लाहले सबैलाई यसैको लागी जन्माएकोछ । अल्लाहको भनाईछ –

**अर्थ:** र मैले जिन्न र मनुष्यलाई केवल आफनो उपासनाको लागि जन्माएको छु । (सूरतुज्जारियात)

र अल्लाहको उपासनाको सबै भन्दा ठूलो नियम यो हो कि त्यो एकलै छ, त्यसको कोई पनि साभ्कीदार छैन् , अल्लाहको कथनछ –

**अर्थ:** र अल्लाहको उपासना (इबादत) गर , र त्यसको साथमा कसैलाई साभ्कीदार न बनाऊ । (सूरतुन्निसा)

# तीन मूल आधार

यदि तपाईसित इस्लामको तीन मूल आधारको बारेमा प्रश्न गरियोस् जुन प्रत्येक मुसलमानलाई अवश्यनै जान्नु पर्छ, तब तपाईको उत्तर यो हुनु पर्दछ कि, एक भक्तलाई आफनो अल्लाह ( ईश्वर) र त्यसको धर्म एवं मोहम्मद (उहाँ माथि अल्लाहको शान्ति होस्) को बारेमा अवश्य नै ज्ञान हुनुपर्छ ।

## *प्रथम मूल आधार*

**अल्लाहको विषयमा ज्ञान :**

यदि तपाईसित यो प्रश्न गरियोस् कि तपाईको रब ( पालनहार) को हो ? तब तपाई भन्नुस्: मेरो पालनहार अल्लाह हो जुन सारा विश्वको पालनहार हो, त्यो पालनहार नै मेरो पूजनीय हो, त्यस बाहेक अरु कोही पूजनीय छैन किन कि यो कुर्आनबाट प्रमाणित छ ,अल्लाह भन्छ –

**अर्थः** सबै किसिमको प्रशंसा अल्लाहको लागि छ , जुन सबै जगतको पालनहार हो । (सूरतुल फातेहा)

अल्लाह बाहेक अरु सबै बस्तु त्यसको मखलूक (सृष्टि) हुन, र म त्यस सृष्टिको एउटा भाग हूँ ।

यदि तपाईसित यो सोधियोस कि तपाईले आफ्नो पालनहारलाई कसरी जान्नु भयो ?

तब तपाई भन्नुस्: मैले त्यस पालनहारलाई त्यसको (निशानीहरू) चिन्हको माधयमबाट चिनें , र त्यसको मखलुकात (अल्लाहले जन्माएका सबै बस्तु) दिन, रात्री, सूर्य, चन्द्र, सातौ आकाश र पृथ्वी, र त्यसको भित्र भएको जीव जन्तु र आकाश र पृथ्वीको बीचमा भएका सबै सृष्टि द्वारा मैले आफ्नो पालनहारलाई चिनें । अल्लाहको कथन छ –

**अर्थः** अल्लाहको चिन्हहरू मध्ये यो रात र दिन, सूर्य र चन्द्रहुन, सूर्य र चन्द्रलाई ढोग नगर, बरु त्यस अल्लाहलाई ढोग जसले ती सबैलाई जन्माएको छ । (सूरः हाममिम सजिदः) र सत्यताको लागि अल्लाहको एउटा आर्को ठाउँमा कथन छ –

**अर्थः** निःसंदेह तिमीहरूको पालनहार त्यो अल्लाह हो जसले आकाश र पृथ्वीलाई जन्मायो ६ दिनमा फेरि अर्श माथि उच्च भयो , जुन रातलाई दिन माथि ढाँकीदिन्छ, फेरि दिन रातको पछाडी दगूरी आँउछ , र जसले सूर्य चन्द्र र ताराहरूलाई जन्मायो ती सबै त्यस अल्लाहको हुकुमको पाबन्द छन् , यादराख ! त्यसैकोलागि जन्मदाता हुनु र हाकिम हुनु विशेष छ , अत्यन्त बरकतवाला छ त्यो अल्लाह जुन सारा जहानको पालनहार हो ।

र जुन मालिक एवँ पालनहार हो त्यो नै उपासनाको योग्य हुन्छ यसको प्रमाणमा अल्लाहको भनाई छ –

**अर्थः** हे मानवजातिहरू आफनो त्यस पालनहारको उपासना गर जसले तिमीहरूलाई जन्माएको छ , र उनीहरूलाई पनि जुन तिमी भन्दा पहिला थिए , आशा छ कि तिमीहरू (नर्कबाट) बाँचनेछौं , जसले पृथ्वीलाई तिमीहरूको लागि ओछ्यान बनायो र आकाशलाई छत बनायो , र आकाशबाट पानी पार्यो र त्यस द्वारा विभिन्न प्रकारको पैदावार (फल फूल) उब्जायो जुन तिम्रो (जीविका) खाना हो , फेरि तिमी यो जानी जानी त्यस अल्लाहको कोही प्रतिद्वन्दी न ठहराऊ । (सूरतुल बकरः)

स्वर्गीय इब्ने कसीरको कथन छ : “यस प्रकारका सबै बस्तुलाई रचना गर्नेवाला नै उपासनाको अधिकारी हुन्छ” ।

अल्लाह द्वारा निम्न प्रकारको उपासना निर्देशित गरिएकोछ जस्तो कि ! अल्लाहको समक्ष पूर्ण रूपले आफुलाई समर्पित गर्नु ( इस्लाम) विश्वास ( ईमान ) परोपकार ( एहसान ) बिन्ती ( दुआ ) डर ( खौफ ) आशा ( रजा ) भरोसा ( तवक्कुल ) इच्छा ( रगबः ) भय ( रहबः ) उपासना ( इबादत ) बोध ( खशियः ) प्रवृतहुनु ( इनाबः ) सहायताको प्रार्थना (इस्तेआनः) शरणको बिन्ती ( इस्तेआजः ) सहायताको बिन्ती ( इस्तेगासा ) बलि ( जब्ह ) प्रतिज्ञा र भेंट व मन्नत (नजर) र आदि..... यसै प्रकारको अरु उपासनाको निर्देश अल्लाहले दिएको छ , त्यो सबै उसै अल्लाहको लागि छ जसको नाम प्रशंसनीय छ । यसको प्रमाणको लागि अल्लाह कुर्आनमा भन्छ –

**अर्थः** र यी मस्जिदहरू अल्लाहको लागि नै हुन् , त्यसमा अल्लाहको साथमा कसैलाई न बोलाऊ । (सूरतुल जिन्न) र अल्लाहको फर्मान छ –

**अर्थः** र तिम्रो पालनहारले आदेश दियो कि अल्लाह बाहेक कसैलाई

न पूज । (सूरतुल इस्रा)

**अर्थात:–** यदि कसैले यिनी मध्ये कुनै अधिकारलाई जुन अल्लाहको लागि मात्र विशेष छन्, कसै आर्कासित सम्बन्धित अथवा सम्बोधित गर्छ भने त्यो व्यक्ति अल्लाहको विद्रोही एवँ अविश्वासी हो । यसको प्रमाणमा अल्लाहको कथन छ –

**अर्थः** र जसले पनि अल्लाहको साथमा कुनै आर्कालाई बोलायो जसको लागि ऊ सित कुनै प्रमाण छैन ,निःसंदेह त्यसको हिसाब त्यसको पालनहारको पास (समक्ष) छ , र निःसंदेह काफिरहरू (अल्लाहलाई न मान्नेवालाहरू) सफलता प्राप्तगर्न सकदैनन् । (सूरतुल मोमेनून)

## प्रार्थना : (दुआ)

हदीसमा छ "प्रार्थना उपासनाको असल (मूल तथ्य) हो" प्रमाण स्वरूप अल्लाहको भनाईछ –

**अर्थः** र तिमीहरूको पालनहार भन्छ मलाई पुकार (प्रार्थनागर) म तिमीहरूको प्रार्थना स्वीकार गर्छु , र जसले पनि घमन्डलेगर्दा मेरो उपासनाबाट मुख फर्काईलिन्छन् निकटमा नै त्यो नर्कमा जानेछन् । (सूरःगाफिर)

## डर : (खौफ)

यसको प्रमाणकोलागि अल्लाहको फर्मान छ –

**अर्थः** तिमी कसैसित भयभित न होऊ केवल म सित डराऊ यदि तिमी वास्तवमा ईमानवाला छौ । (सुरः आले इम्रान)

## आशा : (रजा)

यसको प्रमाणकोलागि अल्लाहको फर्मान छ –

**अर्थः** जो पनि आफनो पालनहारसित मिलने आशा राखछ , त्यसलाई चाहियो कि राम्रोकर्म गरोस् र अल्लाहको उपासनामा कसैलाई साझीदार न बनाओस् । (सूरतुल कहफ)

## भरोसा : (तवक्कुल)

भरोसाकोलागि अल्लाहको कथन छ –
**अर्थः** र अल्लाह माथि भरोसा राख यदि तिमी अल्लाह माथि ईमान राखछौ । (सूरतुल माएदः)

र अल्लाहको भनाई छ –
**अर्थः** र जसले पनि अल्लाह माथि विश्वास (भरोसा) राखछ अल्लाह त्यसको लागि काफी (पर्याप्त) छ । (सूरः अत्तलाक)

## इच्छा भय र उपासना

इच्छा भय र उपासनाको लागि अल्लाहको फर्मानछ –
**अर्थः** यिनीहरू राम्रो कार्यको लागि हतार गर्थे र हामीलाई चाहना र भयको साथमा बोलाउँथे र म समक्ष उभी याचना गरी रहनथे । (सूरःअम्बिया)

## डरनु : (खशियः)

अल्लाहको भनाई छ –
**अर्थः** तिमी उनीहरूसित न डर म सित डर । (सूरः अलमाएदः)

## पलटनु – प्रवृतहुनु : (इनाबः)

फर्कनु कुन प्रकारको हो अल्लाह भन्छन –
**अर्थः** र तिमीहरू फर्केर आऊ आफनो पालनहारको तर्फ र त्यसको अज्ञाकारी बन । (सूरः अज्जोमर)

## सहायताको प्रार्थना : (इस्तेआनः)

अल्लाहको भनाईछ प्रार्थनाको प्रमाणको लागि –
**अर्थः** हामी मात्र तिम्रो उपासना गर्छौ र तिमीसित नै सहायता माँगदछौ । (सूरतुल फातेहा) र हदीसमा छ –

**अर्थः** तिमी सहायता मात्र अल्लाहसित माँग ।

## शरणको बिन्ती : (इस्तेआजः)

शरणको लागि अल्लाहको भनाईछ –
**अर्थः** भनिदिनुस् हे अल्लाहको रसूल ! कि म शरण चाहन्छु सबैको पालनहारको , सबैको मालिकको । (सूरः अन्नास)

## सहायताको बिन्ती : (इस्तेगासः)

सहायताको बिन्ती अल्लाहले कुन प्रकार सुन्नु भयो उसको प्रमाण कुर्आनमा यस्तो छ –
**अर्थः** जब तिमी आफ्नो पालनहारसित सहायताको बिन्ती गरेका थियौ तब अल्लाहले तिम्रो फरियादलाई सुन्यो र (भन्यो) म तिमीहरूको सहायता एक हजार सिलसिलावार (निरंतर) फरिश्ताहरू द्वारा गर्छु । (सूरः अलअन्फाल)

## बलिदान : (जब्ह)

बलिदानको लागि अल्लाहको कथन छ –
**अर्थः** भनिदिनुस् हे अल्लाहको रसूल ! कि निःसंदेह मेरो नमाज र मेरो बलिदान र मेरो जिन्दगी र मेरो मृत्यु सबै अल्लाहको लागि छ जुन समस्त संसारको पालनहार हो त्यसको कोही साझीदार छैन् , र यसैको मलाई आदेश दिइएको छ , र म सबै भन्दा पहिला अज्ञाकारी हुनेवाला हूँ । (सूरः अलअन्आम) र हदीसमा छ –
अर्थः अल्लाहको लानत (श्राप) होस् त्यस ब्यक्ति माथि जसले अल्लाहको अतिरिक्त (बाहेक) कसैकोलागि बलि गऱ्यो ।

## नजर : (प्रतिज्ञा– भेंट व मन्नत)

नजरको बिषयमा अल्लाहको कथन छ –
**अर्थः** उनीहरू नजरलाई पूर्ण गर्छन् र डरछन् त्यस दिनबाट जसको बिपत्ती समस्त तर्फ फैलिएको हुन्छ । (सूरः अद्दहर)

# *दोस्रो मूल आधार*

**“प्रमाण द्वारा इस्लामको ज्ञान”**

यो ज्ञान हो ! आफूलाई मात्र एक अल्लाहको अधीन गरिदिनु त्यसको आदेशहरूको पालनागर्नु ,र त्यसले बनाएको नियमलाई मान्नु र त्यस नियम अनुसार आफ्नो जीवनलाई व्यतीतगर्नु र शिर्क (बहुदेववाद) र अहलेशिर्क बहुदेववादी सित दूर रहनु (बेजार रहनु) हो । र यो ज्ञान तीन श्रेणीमा बिभाजित छ । –

**१ – इस्लाम (झुक जानु समर्पण गर्नु)**

**२ – ईमान (बिश्वास)**

**३ – एहसान (परोपकार)**

## प्रथम श्रेणी इस्लाम

### इस्लामको पाँच स्तम्भहरू छन् ।

**१ –** यो गवाही दिनु कि अल्लाह बाहेक अरु कोही पनि पूजने योग्य छैन, र मोहम्मद ( उहाँ माथि अल्लाहको शान्ति होस् ) उसको रसूल हुन ।

**२ –** नमाज़ पढनु ।

**३ –** ज़कात (धर्मादय) दिनु ।

**४ –** रमज़ानको रोज़ा (ब्रत) बसनु ।

**५ –** पवित्र कअबःको हज (परिक्रमा) गर्नु ।

**अल्लाहको कथन द्वारा गवाही दिनुको प्रमाण –**

**अर्थः** अल्लाहले स्वयं यस कुराको गवाही दिएको छ कि त्यस बाहेक अरु कोही पूजनीय छैन , र फरिश्ताहरू पनि एवँ ज्ञानीहरू पनि सच्चाई र न्यायको साथ यस कुरा माथि गवाह छन् कि त्यस शक्तिशाली ज्ञानी बाहेक अरु कोही पूजनीय छैन । (सूरःआल

इमरान)

यसको अर्थ यो हुन्छ कि पूजने योग्य केवल अल्लाह छ , त्यसको अतिरिक्त कोही पूजने योग्य छैन अर्थात: हामी एक अल्लाहलाई मात्र स्वीकार गर्छौं र अरु सबै झूठो ईश्वरको इन्कार गर्छौं नकार छौं । त्यो अल्लाह जसको कोही साझीदार छैन त्यही नै उपासनाको योग्य छ भने त्यसको अधिकारको क्षेत्रमा उसको कुन साझी हुन सकछ ? अल्लाहको कथन छ

**अर्थ:** र जब इब्राहीमले आफनो पिता र आफनो कौम (समूह–जाति) सित भने कि तिमीहरू जसको पूजागर्छौं मेरो उनी सित केही सम्बन्ध छैन् , मेरो सम्बन्ध त ऊ सँगछ जसले मलाई जन्माएको छ , उसैले मलाई बाटो देखाउँछ , र इब्राहीमको यो शब्द आफ्नो पछाडी आफ्नो संततिको लागि छाडी दिए , आशा छ कि उनीहरू उस तर्फ फर्कुन । (सूर:अज्ज़ुखरुफ) र अल्लाहको यो पनि कथन छ –

**अर्थ:** भन ! हे अहलुलकिताब (यहूदी – ईसाई) आऊ एउटा यसतो कुरातर्फ जुन हामी दुवैको बीच समान छ , कि हामी अल्लाह बाहेक कसैको पूजा न गरौ र त्यसको साथमा कसैलाई साझीदार न ठहराऊँ , र हामी मध्ये कोही अल्लाह बाहेक कसैलाई पालनहार न बनाऔं , यदि यसलाई स्वीकार गर्नुबाट उनीहरू मुख फर्काउँछन् भने स्पष्ट भनिदिनुस् कि हामी त अज्ञापालन गर्नेवाला हौं । (सूर:आले इमरान)

## अल्लाहको कथनबाट मोहम्मद ( उहाँ माथि अल्लाहको शान्ति होस् ) को रसूल हुनुको प्रमाण –

**अर्थ:** तिमीहरूको समक्ष एउटा यसतो रसूल आएछ जुन तिमीहरूको लाभ चाहन्छ, ईमानवालाहरू मथि ममतामय एवँ दयालुछ ।

यो गवाही दिनु कि मोहम्मद ( उहाँ माथि अल्लाहको शान्ति होस् ) अल्लाहको रसूल हुन् को अर्थ यो हो कि जुन प्रकार उहाँले आदेश दिनुभएछ त्यसको पालनागर्नु र जे पनि भनछन् त्यस माथि विश्वासगर्नु , र ऊ सबै कुराहरूसित रुकनु जससित रोकेछन् र अल्लाहको उपासना त्यसतैगर्नु जस्तो कि उहाँले गर्नुभएको छ ।

## नमाज, जकात, र अल्लाहको एक हुनुको प्रमाण कुर्आनबाट–

**अर्थः** र उनीहरूलाई यस बाहेक अरु केही आदेश दिइएको थिएन् कि अल्लाहको उपासना गरुन आफ्नो धर्मलाई उसकोलागि खालिस (शुद्ध) गरेर, एकाग्र (एकसु) भएर, र नमाज पढुन् ( स्थापितगरुन), र जकात देउन्, यो नै अत्यन्त शुद्धधर्म हो । ( सूरतुल बैय्यनः)

### र अल्लाहको कथनबाट रोजा (ब्रत) को प्रममाण –

**अर्थः** हे ईमानवालाहरू तिमीहरू माथि रोजा अनिवार्य गरिएको छ , जुन प्रकार तिमीहरू भन्दा पहिलाहरू मथि अनिवार्य गरिएको थियो, आशा छ कि तिमी अल्लाहको सदाचारी भक्त बनछौ । ( सूरतुल बकरः)

### अल्लाहको कथनबाट हजको प्रमाण–

**अर्थः** मानव माथि अल्लाहको यो अधिकार (हक्) छ कि जसलाई यति सामर्थय (क्षमता) होस कि अल्लाहको घर कअबः को परिक्रमा (हज) गर्न सकोस् भने त्यो हज गरोस् , र जसले इन्कार गऱ्यो भने निःसंदेह अल्लाह पूर्ण संसारसित निस्पृह (बेपरवाह)छ । ( सूरःआल् इमरान)

# दोस्रो श्रेणी : ईमान

ईमानको सत्तर ७० हाँगा (शाखा)हरू छन् , त्यस मध्ये सर्वोच्च हो यो गवाही दिनु कि अल्लाह बाहेक अरु कोही पूज्य छैन, र सबै भन्दा बिनम्र हो बाटोबाट दुःखदिने वस्तुलाई हटाउनु हो ।

### ईमानको ६ स्तम्भहरू छन

**१ –** अल्लाह माथि विश्वासगर्नु ।
**२ –** र उसको फरिश्ताहरू मथि ।
**३ –** र उसले अवतरितगरेको किताबहरू मथि ।
**४ –** र उसको रसूलहरू माथि ।
**५ –** र प्रलयको दिनको हिसाबमाथि ।
**६ –** र राम्रो अथवा न राम्रो भाग्य माथि ।

**ईमान ल्याउनुको प्रमाण अल्लाहको कथनबाट–**

**अर्थः** यसमा भलाई (पुण्य) छैन् कि तिमीहरू आफनो अनुहार पूर्व र पश्चिमतर्फ गर बरु भलाई यो हो कि मान्छे अल्लाह माथि, र प्रलयको दिन माथि, र अल्लाहको फरिश्ताहरू मथि, र अल्लाहको किताबहरू मथि, र त्यसको नबीहरू मथि ईमान ल्याओस् । ( सूरतुल् बकरः)

**अल्लाहको कथनबाट भाग्यको प्रमाण –**

**अर्थः** हामीले प्रत्येक बस्तुलाई एउटा भाग्यको साथ जन्माएका छौं । (सूरतुल क़मर)

# तेस्रो श्रेणी : प्रोप्कार (एहसान)

एहसानको मात्र एउटै स्तम्भ छ र त्यो हो कि ! अल्लाहको उपासना यस प्रकारगर्नु जसतो कि तिमी उसलाई हेरी रहेछौ, यदि तिमी हेरन अस्मर्थ छौ भने त यो सोच कि अल्लाह हामीलाई हेरी रहेछ ।

प्रमाणको लागि अल्लाहको फर्मान छ –

**अर्थः** अल्लाह उनीहरूको साथ छ जुन ऊ सित डरछन् र उत्तम ( नेक) कार्य गर्छन् । (सूरः अन्नहल)

र आर्को ठाउँमा अल्लाहको फर्मान छ –

**अर्थः** र तिमी भरोसागर त्यस शक्तिशाली एवं दयावान माथि जुन तिमीलाई हेरी रहेछ त्यस बखत जब तिमी उठछौ र नमाजीहरूको साथ तिम्रो गतिविधी माथि उसको निगाह (दृष्टि) हुन्छ , निःसंदेह त्यो सबै सुन्नेवाला एवं हेर्नेवाला छ । (सूरः अश्शोअ्रा)

र अल्लाहको फर्मान छ –

**अर्थः** र (हे अल्लाहको रसूल) तिमी जुन दशामा पनि हुन्छौ, र कुर्आन भित्रबाट जे पनि पढेर सुनाउछौ , र हे मानवजाति तिमीहरू पनि जे गर्छौ हामी तिमीलाई हेरी राख्छौ त्यो कार्यगर्ने आरम्भ देखी । (सूरः यूनुस)

**र जिब्रीलको एउटा प्रसिद्ध हदीसबाट प्रमाण –**

**अर्थः** उमर बिन खत्ताब (अल्लाह उनी सित राजी हुन)ले भन्नु भयो कि एक दिन हामीहरू अल्लाहको रसूलको वरिपरि बसेका थियौं, कि एउटा व्यक्ति आयो जसको कपाल कालो थियो, लुगा सफा सुग्घर थियो, त्यसको अनुहारमा यात्राको लक्षण थिएन् र हामी मध्ये एउटा व्यक्ति पनि उसलाई जान्दैन थियो, त्यो व्यक्ति कृपालु नबीको नजीक बसयो, र आफनो घुटना (घुँडा) उहाँको घुटनासित मिलाई दियो, र आफनो हत्केली उहाँको तिघ्रा माथि राखेर सोध्यो हे मोहम्मद ! मलाई इस्लामको बारेमा बताऊ, उहाँले भन्नु भयो : ! कि तिमी गवाही देऊ कि अल्लाह बाहेक अरु कोही पूजनीय छैन र मोहम्मद अल्लाहको रसूल हुन, र नमाज पढ र जकात देऊ र रमजानको बर्त राख, र अल्लाहको घरको हज्जगर यदि हज्ज गर्नुको क्षमता छ , । फेरि त्यसले भन्यो तपाईले सत्य

भन्नु भयो, (उमर बिन खत्ताब भन्छन कि) हामीलाई आश्चर्य लाग्यो कि त्यो प्रश्न पनि गर्छ र प्रमाणित पनि गर्छ, फेरि उसले प्रश्न गऱ्यो मलाई ईमानको बारेमा बताऊ, ? उहाँले भन्नु भयो : तिमी ईमान राख अल्लाह माथि र त्यसको फरिश्ताहरू र किताबहरू र रसूलहरू माथि र प्रलयको दिन माथि र राम्रो न राम्रो भाग्य माथि, त्यसले भन्यो मलाई एहसानको बारेमा बताऊ ? उहाँले भन्नु भयो : तिमी अल्लाहको उपासना यस्तो गर जस्तो कि तिमी अल्लाहलाई हेरी राखेछौ यदि तिमी उसलाई हेर्दैनौं भने ऊ तिमीलाई हेरी राखेको छ , उसले फेरि प्रलयको दिनको बारेमा सोध्यो ? उहाँले भन्नु भयो : कि त्यस दिनको बारेमा प्रश्न गरिएको मान्छे प्रश्न गरेको मान्छे भन्दा धेरै जान्दैन् , उसले भन्यो त्यसको लक्षणहरूको बारेमा बताउनुस् ? उहाँले भन्नु भयो : गुलाम केटी (दासी) आफ्नो मालिकलाई जन्माउँछे र तिमी ( भविष्यमा) हेर्छौ नङ्गो खुट्टा फाटेको लूगा लगाउनेहरू (गडरिया - गोठाला) ठुला ठुला महल (स्मार्क) बनाउनुमा एकआर्काको मुकाब्ला(प्रतिसपर्धा) गर्दै घमण्ड गर्छन्, उमर बिन खत्ताब भन्छन फेरि त्यो व्यक्ति फर्केर गयो फेरि नबी सल्लल्लाहो अलैहे व सल्लम एक क्षण चुपलागनु भयो र फेरि भन्नु भयो : हे उमर ! के तिमीले प्रश्नगर्नेवालालाई चिन्यो ? हामी सबैले उत्तर दिएँ , अल्लाह र त्यसको रसुल राम्रो सित जान्दछन, तब उहाँले भन्नु भयो ती जिब्रील थिए , तिमीहरूलाई तिम्रो धर्म सिकाउनको लागि आउनु भएको थिए ।

# *तेस्रो मूल आधार*

आफ्नो नबी मोहम्मद सल्लल्लाहो अलैहे व सल्लमको बारेमा ज्ञान प्राप्तगर्नु । उहाँको नाम मोहम्मद पुत्र अब्दुल्लाह पुत्र अब्दुल मुत्तल्लिब पुत्र हाशिम हो । र हाशिम कुरैश (कुल) कबीलाबाट र कुरैश अरब कबीलाबाट र अरब हजरत इस्माईल पुत्र हजरत इब्राहीम खलीलको बंशमा छ उनीहरू माथि धेरै धेरै दरूद र सलाम होस् ( अल्लाहको कृपा एवं दया होस् )

**मोहम्मद** सल्लल्लाहो अलैहे व सल्लमल त्यस बखत नबी भए जब तपाई माथि सूरः इकरा अवतरित भयो र रसूल तब भए जब तपाई माथि सूरः अलमुद्दस्सिर अवतरित भयो , र तपाईको शहर मक्कः हो । अल्लाहले तपाईलाई शिर्कलाई ( बहुदेववादलाई )समाप्तगर्नुको लागि र तौहीद (एकेश्वरवाद)को सन्देश दिनकोलागि पठाएको थियो । यसको प्रमाणमा अल्लाहको कथन छ –
**अर्थः** हे लुगालाई ओढेर लेटनेवाला उठ र सावधान गर र आफनो पालनहारको परशंसा गर, र आफनो लुगालाई पवित्र गर र गंदगी (बुत– मूर्ति) बाट टाठा रह, र कसैलाई यस चाहनाको साथ न देऊ कि अधिक प्राप्त हुन्छ , र आफ्नो पालनहारको लागि धैर्य राख । (सूरतुल मुद्दस्सिर)

**उठा र सावधान गर**को अर्थ हो अल्लाहको एक हुनुको घोषणा गर र साझीगर्नेवालाहरूलाई सावधान गर, र आफ्नो पालनहारको प्रशंसाको घोषणा गर, र एक पालनहारको बिशेषतालाई बताऊ । **आफनो लुगालाई पवित्र (स्वच्छ) राख**को अर्थ हो आफ्नो कर्मलाई शिर्कको गन्दगी (फोहोर)बाट स्वच्छ राख । **गन्दगीबाट टाठा रह** को अर्थ हो मूर्ति एवँ मूर्तिपूजकहरूबाट टाठा रह र उनीहरूको मतलाई स्वीकार न गर ।
उहाँले दश साल सम्म अल्लाहको तर्फ सबैलाई बोलाउदै रहनुभयो , त्यस पश्चात उहाँलाई स्वर्गलोक तिर बोलाईयो र त्यहाँ पाँच बखतको नमाज अनिवार्य गरियो, तीन वर्ष सम्म उहाँले

मक्कःमा नमाज पढदैगर्नु भयो, र त्यस पश्चात मदीनः तर्फ प्रवास (हिजरत)गर्नु भयो, र **हिजरत** को अर्थ हो मूर्तिपूजकहरूको बीचबाट निस्केर मुस्लिम समुदायको तर्फ प्रस्थानगर्नु (प्रवास गर्नु) । र यो हिजरत प्रलय सम्म बाँकि रहनेछ । यसको प्रमाण कुर्आनबाट यस्तो छ –

**अर्थः** र जुन आफू माथि अत्याचार गरिरहेका थिए उनीहरूको आत्मा (रुह)लाई जब फरिश्ताहरू झिकछन् र सोध्छन् कि तिमी यो कस्तो दशामा रहेकाछौ ? तब उनीहरू उत्तर दिनछन ! कि हामी धरतीमा निर्बल बेबस थिएँ, फरिश्ताहरू भन्छन के अल्लाहको धरती विस्तृत थिएन कि तिमीहरू आफनो घर छोडेर आर्को ठाउँमा गईहाल,? यी उनीहुन् जिनको ठेगाना नर्क रहेछ, र यो धेरै न राम्रो ठेगाना हो, हाँ जुन पुरुष र स्त्रीहरू र बच्चाहरू वास्तवमा बेबसछन्, त्यहाँबाट कुनै पनि मार्ग एवँ साधन उनीहरू सित छैन्, आशा छ कि अल्लाह उनीहरूलाई क्षमा प्रदान गरुन, अल्लाह अति दयावान एवँ क्षमाशील छ । (सूरःअन्निसा) र अल्लाहको भनाई छ –

**अर्थः** हे ईमानवालाहरू मेरो धरती बिशाल छ अतः तिमी मात्र मेरो नै उपासना गर ।

अलबगवीको भनाई अनुसार प्रस्तुत अवतरित आयत उनी मुस्लिमहरू तर्फ इशारा (संकेत)गर्छ जुन त्यस बखत पनि मक्कःमै थिए, र मदीनः तर्फ हिजरतगर्नु भएका थिएनन् , अल्लाहले उनीहरूलाई बदरको युद्धमा ईमानवालाको नामबाट बोलाएको थियो । हिजरत गर्नुको हदीसबाट प्रमाण –

अर्थः हिजरतको अन्त तब सम्म हुँदैन जब सम्म तौबःको अन्त हुँदैन र तौबःको तब सम्म अन्त हुँदैन जब सम्म सूर्यउदय पश्चिम तर्फबाट हुँदैन ।

मदीनः निवासगर्ने बखतमा नै उहाँ माथि अरु इस्लामी निर्देशहरू (अहकामहरू) अनिवार्य गरियो, जस्तो कि जकात, रोजा, हज आदि...। यो कार्य उहाँले दशबर्ष गर्नुभयो त्यस पश्चात उहाँको देहान्त (स्वर्गबास) भयो, तर उनको धर्म आजा पनि प्रतेक समुदायको मार्गदर्शन गरिरहेछ , उहाँले सबै अच्छाई (सुकर्म) सबैलाई बताउनु भयो, र सबै किसिमको बुराई (कुकर्म)बाट सावधान गर्नुभयो, राम्रोकर्म जसको तर्फ उहाँले सबैलाई आमन्त्रित गर्नुभयो यी हुन ! एक अल्लाहमा विश्वास राख्नु र अल्लाहले

प्रसन्न एवँ संतुष्ट हुने कार्य गर्नु , र शिर्क अथवा ती सबै कार्य जसबाट अल्लाह क्रोधित हुन्छन् , ती सबै कार्यबाट रोकनु भयो । अल्लाहले मोहम्मद सल्लल्लाहो अलैहे व सल्लमलाई सबै जातिको लागि पठाउनु भएको थियो, र यो आदेश दिएको थियो कि समस्त मनुष्य र जिन्न उहाँको संदेश सुनुन् र त्यसको पालनागरी उहाँको अज्ञाकारी बनुन् । यसको प्रमाणमा अल्लाहको कथन छ –

**अर्थः** भनिदिनुस् हे अल्लाहको रसूल ! हे सबै जातिहरू (मानव र दानव) म तिमी सबैको तर्फ अल्लाहको रसूल हूँ । (सूरः अल आराफ)

यसैको साथ अल्लाहले यस धर्मलाई पूर्ण गरीदिए, र यसको प्रमाणमा अल्लाहको भनाईछ –

**अर्थः** आज मैले तिम्रोलागि तिमीहरूको धर्मलाई पूर्ण गरीदिएँ र तिमीहरू माथि आफनो नेअमत (अनुकम्पा) पूर्ण गरीदिएँ , र तिमीहरूको लागि इस्लाम धर्मलाई स्वीकार गरीलिएँ । (सूरतुल माएदः) र रसूल सल्लल्लाहो अलैहे व सल्लमको मृत्यु माथि कुर्आनबाट प्रमाण –

**अर्थः** हे अल्लाहको नबी ! तपाईलाई पनि मृत्यु आउनेछ र उनीलाई पनि मृत्यु आउनेछ, फेरि प्रलयको दिन तिमीहरू आफ्नो पालनहारको समक्ष आफ्नो आफ्नो मुकदमा प्रस्तुत गर्नेवाला छौ । (सूरः अज्जोमर)

र सबैलाई पुर्नजन्म मिल्नेछ यसको कुर्आनबाट प्रमाण –

**अर्थः** हामीले तिमीहरूलाई यसै धर्तीबाट जन्माएँ, र यसैभित्र फर्काएँ। सबैको मृत्यु पश्चात उनीहरूको हिसाब किताब अल्लाहको समक्ष प्रस्तुत (पेश) गरीनेछ , उनीहरूको कर्म अनुसार उनलाई इनाम (उपहार) एवँ दण्ड मिल्नेछ । यसको प्रमाण अल्लाहको कथनबाट –

**अर्थः** (अल्लाह) कुकर्मीहरूलाई उनको कुकर्मको दण्ड दिन्छ, र राम्रोकर्म गर्नेवालाहरूलाई उनको कर्मको परितोषिक दिन्छ ।

कुनै व्यक्ति जुन पुनः उठाउनुको इनकारगर्छ त्यो काफिर भईहाल्यो यसको प्रमाण कुर्आनबाट –

**अर्थः** के इनकारगर्नेवालाहरू यो दाबीगर्छन कि मृत्यु पश्चात कदापि उनीहरूलाई उठाईदैन, भनिदिनुस् हे अल्लाहको रसूल ! किन नहोस मेरो पालनहारको सौगन्ध तिमीहरू अवश्य नै उठाइनेछौ फेरि अवश्य तिमीहरूलाई त्यो सबै बताइनेछ जुन

तिमीहरू (दुनियाँमा) गरेकाछौ , र यस्तोगर्नु अल्लाहको लागि अति सजिलो छ। (सूरः अत्तगाबुन)

र अल्लाहले सबै रसूलहरूलाई शुभ संदेश दिनेवाला र डराउनेवाला बनाएर पठाएको थियो । यसको प्रमाणमा अल्लाहको कथन छ –

**अर्थः** सबै रसूलहरू शुभ संदेश दिनेवाला र डराउनेवाला बनाएर पठाईएका थिए , ताकि त्यस पश्चात उनीहरू सित अल्लाहको समक्ष केही बहाना ना बचोस् । (सूरः निसा)

र ति सबै रसूल मध्ये हजरत नूह पहिलो र हजरत मोहम्मद अन्तिम रसूल (दूत) हुन । यसको लागि कुर्आनबाट प्रमाणछ कि –

**अर्थः** हामीले वाणी गरें तिमी तर्फ , जसरी हामीले नूह र उनी भन्दा पछाडीको नबीहरू तर्फ गरें । (सूरः निसा) र अल्लाहको कथनछ –

**अर्थः** र हामीले हरएक समुदाय भित्र रसूल पठाएँ र त्यस रसूल द्वारा सूचित गरिदिएँ कि अल्लाहको उपासना गर र (तागूत) अल्लाह बाहेक कसैको पनि पूजाबाट बच । (सूरः अन्नहल)

अल्लाहले प्रत्येक व्यक्ति माथि यो अनिवार्य गरिदिएको छ कि त्यो मात्र अल्लाहको उपासना गरोस् र त्यस बाहेकको पूजाबाट बचोस् र अल्लाह माथि विश्वास राखोस् । इब्ने कैयिमको कथन अनुसार अवज्ञाकारिताको अर्थ हो "कसै वस्तु अथवा मूर्ति माथि विश्वास गरेर आफ्नो सीमाबाट बाहिर निसकोस् चाहे त्यो वस्तु उपासना मय अथवा अज्ञाकारक होस् अथवा न होस्" । र अवज्ञाकारी धेरै प्रकारका छन् त्यस मध्ये मुख्य पाँच छन् ।

**१ –** शैतान (इब्लीस) माथि अल्लाहको फटकार (धिक्कार) होस् ।

**२ –** जसलाई पूजीयोस् र त्यो त्यस पूजाबाट राजी (सहमत) होस् ।

**३ –** जसले पनि आफ्नो पूजागर्नुको आमन्त्रण दिन्छ ।

**४ –** जसले पनि अर्न्तयामी हुनुको दावी गर्छ ।

**५ –** जसले पनि अल्लाहको अवतरित नियमहरू बहेक आर्को नियम बनाएर न्याय र राजगर्छ । यसको प्रमाणमा अल्लाहको कथन छ –

**अर्थः** धर्मको विषयमा कुनै पनि जोर जबर्जस्ती छैन सत्य कुरा असत्य बिचारबाट भिन्नगरी दिइएको छ , अब जो कसैले पनि

फसादीहरूलाई छाडेर एक अल्लाहलाई मान्यो भने उसले एक शक्तिशाली सहारालाई थामेछ , जुन कदापि टूटदैन (भाँचदैन) र त्यो अल्लाह सबै सुन्नेवाला एवँ जान्नेवाला छ। (सूरतुल बकर:)
अन्तमा मेरो अल्लाह सित दुआ छ कि अल्लाह हामी सबैलाई सोझोमार्ग प्रदान गरुन्  र हामीलाई आफ्नो अज्ञाकारी बनाई स्वर्ग प्रदान गरुन्।

**(आमीन)**

# *समाप्त*


*अनुवादक*

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगर पालिका वॉड नं.९**

**महुवा तौलिहवा कपिलवस्तु**

**नेपाल**

Mob. No.00977-9847030780
00966-0501372254